**कोहलपुर नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड: ०६** **संख्या: ०१ "ख"** **मिति: २०७९/०५/१३**

**भाग - ०२**

**कोहलपुर नगरपालिका**


## कोहलपुर नगर प्रहरी नियमावली, २०७९

नगर प्रहरी ऐन (दोश्रो संसोधन), २०७७ को दफा १३ (१) ले दिएको अधिकार प्रयोग गरी कोहलपुर नगरपालिका नगर कार्यपालिकाले यो नियमावली बनाएको छ।

### परिच्छेद - १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमावलीको नाम "कोहलपुर नगर प्रहरी नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:-

क) "संबिधान" भन्नाले नेपालको संबिधान लाई सम्झनुपर्छ।

ख) "ऐन" भन्नाले कोहलपुर नगरपालिका नगर प्रहरी ऐन, २०७७ लाई सम्झनु पर्दछ।

ग) "नियमावली" भन्नाले कोहलपुर नगरपालिका नगर प्रहरी नियमावली, २०७९ लाई सम्झनु पर्दछ।

घ) "नगरपालिका" भन्नाले कोहलपुर नगरपालिकालाई सम्झनु पर्दछ।

ङ) “प्रमुख” भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ।

छ) “समिति” भन्नाले नगरपालिका पदपूर्ती समितिलाई सम्झनु पर्दछ।

ज) “नगर प्रहरी” भन्नाले नगरपालिकाबाट नियुक्त भएका नगर प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

झ) “नगर प्रहरी प्रमुख” भन्नाले नगर प्रहरी निरीक्षक वा कार्यपालिकाले तोकेको अधिकृतलाई सम्झनु पर्दछ।

ञ) “कमाण्डर” भन्नाले टोली प्रमुखलाई सम्झनु पर्दछ।

ट) “कार्यालय” भन्नाले कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ठ) “परिवार” भन्नाले नगर प्रहरी कर्मचारीसँग वस्ने निज तथा आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष नगर प्रहरीको हकमा निजको बाजे,बज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरा समेतलाई जनाउँ छ।

ड) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएका विभिन्न मापदण्ड तथा नीतिगत व्यवस्थालाई सम्झनु पर्दछ।

## परिच्छेद - २
## नगर प्रहरी सेवाको गठन, सञ्चालन तथा नियन्त्रण

३. **नगर प्रहरी सेवाको गठनः** (१) नगरपालिकामा एक नगर प्रहरी सेवा समुह रहनेछ।

(२) नगर प्रहरी सेवाको गठन र त्यसमा रहने प्रहरी कर्मचारीहरुको संख्या नगर सभाले तोके बमोजिम हुनेछ।

४. **नगरपालिकामा रहने नगरप्रहरीको पद र तहः** (१) नगर प्रहरीको संख्या संगठन संरचनाको निश्चित पदसोपान तथा कमाण्डरको तहमा आधारीत हुनेछ।

(२) नगर प्रहरीको विभिन्न पदमा कार्यपालिकाले निर्णय गरे बमोजिमका दरवन्दी कायम हुने छन्।

## परिच्छेद - ३
## नगर प्रहरी कर्मचारीको काम, कर्तब्य र अधिकार

५. नगर प्रहरीले आवश्यकता अनुसार नेपाल प्रहरी र अन्य निकाय सँग समन्वय गरी देहायको कार्य सम्पादन गर्नेछ:

(१) बजार निरीक्षण, उपभोक्ता हकहितसम्बन्धी कार्यमा निरीक्षण अधिकृतको रुपमा नगर प्रहरी प्रमुखले कार्य गर्ने ।

(२) सार्बजनिक आवागमनमा बाधा पु¥याई बाटोमा राखिएका, सार्वजनिक स्थान ओगटेर राखिएका निर्माण सामग्री र पसल व्यवसायबाट भएका अवरोध हटाउन लगाउने, हटाउन नमानेमा आफै हटाउन र उक्त सामाग्रीहरु नगरपालिकामा ल्याई तोकिए बमोजिमको दण्ड जरिवाना गर्ने गरी फिर्ता गर्ने वा जफत सम्म गर्ने।सो को छुट्टै अभिलेख गर्ने ।

(३) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(४) नगर क्षेत्रभित्र दैनिक रुपमा सिर्जना हुने फोहोरमैला निर्धारित प्रकृया वमोजिम निर्धारित समय र स्थानमा राख्न लगाउने ।

(५) सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्ता अन्य निर्माण कार्य गरेको, अनधिकृत रुपले उपभोग गरेको र नगरपालिका बाट निर्माण इजाजत नलिई भवन लगायतको संरचना निर्माण गरेको देखिएमा सो को प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्ने ।

(६) सामुदायिक पशु चौपाया नियन्त्रणमा लिई नगर सभाले तोके बमोजिमको जरिवाना लिई पशु धनीलाई जिम्मा दिने । जरिवाना तिर्न इन्कार गरेमा नियन्त्रणमा लिएको पशु लिलाम प्रक्रियामा लैजाने एवं सामुदायिक पशु चौपाया व्यवस्थापन गर्ने ।

(७) स्वास्थ्यका लागि हानिकारक, सडेगलेका र उपभोग्य म्याद समाप्त भएका खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने र त्यसरी रोक लगाउदा पनि बिक्री गरेको पाईएमा त्यस्ता सामानहरुको विवरण तत्काल तयार गरी नगरपालिकामा प्रतिवेदन पेश गर्ने ।

(८) रोगी वा कानुनले निषेध गरेको पशुपंक्षी , जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी, जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने अटेर गरेमा त्यस्ता मासु जफत गरी सुरक्षित रुपमा नष्ट गर्ने ।

(९) छाडा कुकुर नियन्त्रण गर्ने र मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(१०) खतरा उत्पन्न हुने किसिमका रुख, जोखिमपूर्ण घर, पर्खाल, टेलिफोन तथा बिजुलीको तार, पोलको लगत तयार गरी नगर प्रमुख समक्ष पेश गर्ने ।

(११) नगरका मुख्य बजार स्थित वडा समिति, टोल विकास संस्था, आमा समुह वा सामुदायिक प्रहरी सँगको सहकार्यमा सरसफाई अभियान सञ्चालन गरी नगरपालिकाले तोकेको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने ।

(१२) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्न सहयोग गर्ने ।

(१३) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने/गराउने ।

(१४) नगर कार्यपालिका र नगर सभाबाट पारित ऐन, कार्यविधि, नीति तथा निर्णय कार्यान्वयन गर्ने/गराउने ।

(१५) नगरपालिकाको चल, अचल सम्पति( भवन, जग्गा, पार्क, मेसिन, उपकरण आदि) को सुरक्षा गर्ने ।

(१६) ईजाजत विना पेशा व्यावसाय गरेको फेला परेमा सोको प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्ने ।

(१७) नगर क्षेत्रमा भित्ते लेखन, पोल ब्यानर, क्रस ब्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना गर्न सिफारिस गर्ने ।

(१८) बिना ईजाजत ब्यानर, होडिङ बोर्ड, ग्लोवोर्ड, नियोन साईन लगायत त्यस्तै प्रकारका अन्य सामाग्री राखेको पाईएमा ईजाजत लिन लगाउने ।

(१९) नगरपालिकाबाट आयोजना हुने सभा, सम्मेलन, तालिम, अभ्यास कार्यक्रम आदि र स्थानीय स्तरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा चाडपर्वमा सुरक्षा व्यवस्थापन गर्ने ।

(२०) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सुची राख्न लगाउने ।

(२१) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता व्यवसायहरु स्वीकृत मापदण्ड बमोजिम सञ्चालन भए नभएको विषयमा अनुगमन गर्ने र मापदण्ड अनुरुप सञ्चालन नभएको पाइएमा कारवाहिका लागि नगरपालिकामा प्रतिवेदन पेश गर्ने ।

(२२) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर रेडियो वा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२३) नगरमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(२४) दमकल सेवालाई चौबिसै सै घण्टा चुस्त र दुरुस्त राख्ने कार्यमा सहयोग गरी आगलागी भएको अवस्थामा तुरुन्त दमकल सहित आगलागी स्थलमा गई आगलागी नियन्त्रण गर्न सहयोग गर्ने ।

(२५) विपद वा महामारी फैलिएको स्थानमा खोजी, उद्धार, राहत तथा पुनर्स्थापनाका लागि तुरुन्त खटिएर जाने ।

(२६) कमाण्डरले दिएको आदेश तदारुकताका साथ कार्यान्वयन गर्ने ।

(२७) कानुन बमोजिमको नगर प्रहरी आचरण र अनुशासनमा रहने ।

(२८) आ-आफ्नो पद अनुसार तोकिएको जिम्मेवारी उच्च मनोवल र कुशलतापूर्वक निर्वाह गर्ने ।

(२९) महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्त प्रति सम्मान जनक ब्यबहार गर्ने ।

(३०) हिंसापिडित नागरिक तथा दुर्व्यसनीमा परेका युवालाई प्रचलित कानून बमोजिम सहयोग गर्ने।

(३१) सडक दुर्घटना न्यूनीकरण कार्यमा ट्राफिक प्रहरी एवं नेपाल प्रहरी सँग समन्वय गर्ने ।

(३२) नगरपालिकाको व्यवसाय दर्ता, राजश्व अभिवृद्धि, सचेतना, सरसफाई, घर बहाल कर, बजार अनुगमन लगायतका पटके र नियमित अभियानहरुमा सहयोग गर्ने ।

(३३) नगरक्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ती व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र सोको नियमित अनुगमन गरी आवश्यक व्यवस्थाका लागि पेश गर्ने ।

(३४) नगरपालिका अन्तर्गत विभाग, शाखा तथा आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३५) तोकिए बमोजिमको कार्य जिम्मेवार अधिकृत समक्ष नियमित आन्तरिक संचार सेटबाट मौखिक वा आवश्यकता अनुसार लिखित प्रतिवेदन पेश गर्ने ।

(३६) नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट प्राप्त आदेश कार्यान्वयन गर्ने ।

(३७) नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद – ४
## तह विभाजन र पदपूर्ती

६. **नगर प्रहरीको शुरु नियुक्ति :** कोहलपुर नगरपालिका नगर प्रहरी ऐन २०७७ को दफा ३ को उपदफा (३) बमोजिमको पदहरु प्रथम पटक खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरिनेछ

७. **नियुक्ति र दर्ज्यानी चिन्ह प्रदान:** (१) पदपूर्ति समितीको सिफारीसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी नियुक्त गर्नेछ ।

(२) स्थायी नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोगको सिफारिसमा हुनेछ ।

(३) करार तर्फ करार सम्झौता गरी कामकाजमा लगाउन सकिनेछ ।

(४) नगर प्रहरीको नियुक्ति र सेवा प्रवेश तालिम पश्च्यात र बढुवाको हकमा बढुवा भए पश्च्यात सम्बन्धित पदको दर्ज्यानी चिन्ह प्रमुख प्रशासकीय अधिकृतबाट प्रदान हुनेछ। तर भुतपुर्व सेवाबाट पदपूर्ति गरिएका पदहरुमा तत्काल दर्ज्यानी चिन्ह प्रदान गरिनेछ।

## परिच्छेद - ५
## नगरपालिका प्रशासन र नगर प्रहरीको सम्बन्ध

८. **नगरपालिकाको प्रशासनको नियन्त्रणमा रहने** : नगर प्रहरीको अनुशासन र आन्तरिक ब्यवस्थाको कुरामा बाहेक समस्त नगर प्रहरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकृतको रेखदेख र नियन्त्रणमा रहने छन्।

९. **नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने:** नगरपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत गर्नुपर्नेछ।

१०. **कारवाही गर्दा परामर्श लिनेः** नगर प्रहरी कर्मचारीलाई अनुशासन सम्बन्धी कारवाही गर्दा आवश्यकता अनुसार नगर प्रहरी प्रमुखको परामर्श लिनुपर्नेछ तर, नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसद्धारा नगरकार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ। तर करारको हकमा करार शर्तमा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद – ६
## विदा

११. **विदा अधिकार नभइ सहुलियत मात्र हुने:** (१) नगर प्रहरी कर्मचारीले विदालाई अधिकार नभइ सहुलियतको रुपमा बुझ्नुपर्ने छ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबिजिबाट विदा दिन अथवा नदिन पनि सक्नेछ। साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

(३) विदाको किसिमहरुः नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछनः

(क) भैपरी आउने
(ख) घर विदा
(ग) विरामी विदा
(घ) किरिया विदा
(ङ) प्रसुती विदा

(च) प्रसुतिस्याहार विदा

(छ) सट्टा विदा

(ज) अध्ययन विदा

(झ) असाधारण विदा

१२. **विदा नलिई घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने:** यस नियमावली वमोजिम विदा नलिई नगर प्रहरी कर्मचारी गैरहाजिर हुन पाउने छैन।

(२) उपनियम (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगरकार्यपालिकाले सेवाबाट हटाउन सक्नेछ।तर निकास नहुँदै विदा बसे पछि गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन।

१३. **भैपरी विदाः** (१) नगर प्रहरी कर्मचारीले बर्षमा १२ दिनमा नबढाईभैपरी विदा पाउने छ।

(२) भैपरीविदा साधारणतयाः एक पटकमा ४ दिनमा नबढाई लिन पाइने छ।

(३) भैपरीविदा आउने अर्को बर्षको लागि सञ्चित हुनेछैन।

(४) कुनै आपतकालिन स्थितिको सिर्जना भई तत्काल विदा बस्नुपरेमा अनौपचारीक जानकारी लाई मान्यता दिई विदा अवधि भुक्तान भएपछि कारण र आधार सहित निवेदन दिएर स्विकृत गराउन सकिने छ।

(५) भैपरी विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता, पाउनेछन्।

(६) भैपरी विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाईलिन पाइने छैन।

१४. **घर विदाः** (१) नगर प्रहरी कर्मचारीले प्रत्येक वर्ष ३० दिनका दरले घर विदा पाउने छ।

(२) घर विदा वढीमा एक सय असी दिनसम्म सञ्चित राख्न सकिनेछ।

(३) नगर प्रहरी कर्मचारीलाई वर्षमा एक पटक घर विदा जाँदा र विदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउँदा हिडनुपर्ने भएमा ७ कोशको निमित्त एक दिनको दरले तथा मोटरवाटोको लागि जति दिन लाग्ने हो त्यति दिन बाटोको म्याद दिन सकिनेछ।

(४) जुनसुकै रुपले सेवाबाट हट्ने नगर प्रहरी कर्मचारीले निजको बढीमा एक सय असी दिनसम्मको घर विदा वापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलवको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ।

(५) घर विदामा वसेको नगर प्रहरी कर्मचारीले पूरा तलव, भत्ता पाउने छ।

(६) निलम्वनमा रहेको नगर प्रहरी कर्मचारीले सो अवधि भरको घर विदा, पोषाक सुविधा पाउने छैन।

१५. **विरामी विदाः** (१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्वन्धित चिकित्सकले काम गर्न नसक्ने भनी गरेको सिफारिस बमोजिम लाग्ने दिन वाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले वर्षको १२ दिन तलब, भत्ता सहितको विरामी विदा पाउने छ।

(२) नगर प्रहरी कर्मचारी अशक्त भई संचित विरामी विदाले नपुग भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेश्की विदा दिन सकिनेछ।

(३) नगर प्रहरी कर्मचारीले विरामी विदा सञ्चित गर्न सक्नेछ र जुनसुकै व्यहोराबाट निज सेवाबाट अलग भएमा निजको सञ्चित विरामी विदावापत आफ्नो पदाधिकार रहेको पदबाट खाईपाई आएको मासिक तलवका दरले हुन आउने रकम एकमुष्ट पाउनेछ।

तर संचित विदाको रकम लिन नपाउँदै कुनै नगर प्रहरी कर्मचारीको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले एकमुष्ट लिन पाउनेछ।

(४) सात दिनभन्दा वढी अवधिको विरामी विदा माग गर्ने नगर प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ। तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने कुरा विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यक्तिलाई प्रमाणपत्र पेश नगरी पनिविदा दिन सक्नेछ।

(५) कुनै ठूलो वा कडा रोग लागेको छ भन्ने कुरा स्वीकृत चिकित्सकले प्रमाणित गरी दिइएको प्रमाण पत्र पेश गरेमा नगर प्रहरी कर्मचारीले वढीमा ४५ दिनसम्म पेश्की विरामी विदा पाउन सक्नेछ। यस्तो विरामी विदा लिने नगर प्रहरी कर्मचारीको मौज्दात रहेको वा हुन आउनेघर विदाबाट प्रत्येक दुई दिन थप विरामी विदावापत एक दिनका दरले घर विदा कट्टा गरिनेछ।

(६) विरामी विदामा वसेको नगर प्रहरी कर्मचारीले पूरा तलव, भत्ता पाउने छ।

१६. **किरिया विदाः**(१) नगर प्रहरी कर्मचारीले किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ। यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई समेत दिईनेछ।

(२) यस्तो किरिया विदाबस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ।

१७. **प्रसूती विदा:**(१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूती विदा पाउनेछ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ।

(४) उल्लेख भए अनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ।

१८. **प्रसूती स्याहार विदाः** (१) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ।

(२) प्रसूति स्याहार विदा सेवाअवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ।

(३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ ।

(४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अभिलेख अध्यावधिकगरी राख्नुपर्नेछ ।

(५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धीत अस्पतालको शिशु जन्म प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

१९. **सट्टा विदाः** कुनै पनि सार्वजनिक विदाको दिन ड्युटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा वढी हुने छैन ।

२०. **अध्ययन विदाः** (१) नगर प्रहरीको सेवालाई आवश्यक पर्ने विषयमा स्थानीय तहलाई प्राप्त भएको छात्रवृत्तिमा मन्त्रालयको स्वीकृति लिई खुला प्रतियोगिता वा अन्तर स्थानीय तह प्रतियोगितामा वा स्थानीय तहबाट मनोनयन भई अध्ययन गर्न जाने नगर प्रहरी कर्मचारीले अध्ययन अवधिभर अध्ययन विदा पाउन सक्नेछ।

(२) नगर प्रहरी कर्मचारीले सेवा अवधिभरमा एकैपटक वा पटक पटक गरी तीन वर्षसम्म अध्ययन विदा पाउनेछ । तर कार्यालयले आवश्यक ठानेको अवस्थामा अध्ययन विदाको अवधिमा दुई वर्षसम्म थप गर्न सक्नेछ।

(३) माथि जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययनको निमित्त मनोनयन भई अध्ययन विदा लिई गएको नगर प्रहरी कर्मचारीलाई थप विषयमा अध्ययन गर्न वा थप उपाधि हासिल गर्नको निमित्त अध्ययन विदा थपिने छैन र असाधारण बिदा दिइने छैन ।

(४) नगर प्रहरीको सेवा सँग सम्वन्धित विषयमा उपनियम(२) बमोजिम अध्ययन विदा स्विकृत गराई विदामा बस्ने नगर प्रहरी कर्मचारीले तलब, भत्ता र पोषाकको सुविधा पाउने छैन।

(५) ३वर्ष स्थायी सेवा अवधि नपुगी कुनै पनि नगर प्रहरी कर्मचारीले अध्ययन विदा पाउने छैन।

**स्पष्टीकरणः** यस नियमावली बमोजिम कुनै नगर प्रहरी कर्मचारीले गरेको अस्थायी सेवा अवधि स्थायी सेवा अवधिमा गणना भएको रहेछ भने यस नियावलीको नियम २१ (१) प्रयोजनको लागि सो अस्थायी सेवा अवधि समेत गणना गरिनेछ।

(६) कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नको निमित्त अत्यावश्यक भएकोतालिम प्राप्त गर्नकोलागि नगर कार्यपालिकाले नगर प्रहरी कर्मचारीलाई मनोनयन गरी पठाउनु परेमा त्यस्तो तालिम अवधिभर निजलाई काजको रुपमा पठाइनेछ र सो अवधिभर निजलाई पूरा तलब, भत्ता दिइनेछ ।(तालिम गरेर आइसकेपछि प्रमाणपत्र पेश गरि ५ वर्षसम्म सेवाबाट अलग हुन नपाउने )

२१. **असाधारण विदाः** (१) नगर प्रहरी कर्मचारीले असाधारण विदा लिनु पर्दाविदा लिनुपर्ने कारण सहित निवेदन दिनु पर्नेछ र कारण मनासिव देखिएमा नगरपालिकाले एक पटकमा एक वर्ष नबढाई र सेवा अवधिभरमा तीन वर्षमा नबढाई असाधारण विदा दिन सक्नेछ ।

(२) असाधारण विदामा बस्ने नगर प्रहरी कर्मचारीले सो अवधिभर तलब, भत्ता सुविधा पाउनेछैन।

(३) पाँच वर्ष नगर प्रहरी सेवामा काम नगरेको कर्मचारीले असाधारण विदा पाउने छैन ।

तर

(क) निजी प्रयासमा अध्ययन गर्न चाहने नगर प्रहरी कर्मचारीले तिन वर्षको सेवा अवधि पूरा गरेपछि एकैपटक वा पटक पटक गरी वढीमा तीन वर्षसम्म असाधारण विदा पाउन सक्नेछ।

(४) नगर प्रहरी कर्मचारीले लिएको असाधारण विदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

२२. **बिदा माग गर्नेविधिः** (१) विदाको निकासाका निमित्त नगर प्रहरी कर्मचारीले आफूलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाई शिलशिलेवार मिलाई बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र विदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरी कर्मचारीलाई दिनु पर्नेछ।

(२) देहायको कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मितिभन्दा अघिका मितिबाट बिदा स्वीकृत गर्न सक्नेछ ।

(क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति लिन सम्भव थिएन भने ।

(ख) पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने।

(३) अध्ययन विदाको लागि निवेदन दिंदा अरु कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख गर्नुपर्नेछ

(क) आफूले अध्ययन गर्न खोजेको विषयको विवरण,

(ख) अध्ययन गरिने विश्वविद्यालय, संस्था वा प्रशिक्षण केन्द्रमा प्रवेश गर्ने स्वीकृति प्राप्त भएका कागजात,

(ग) नगर प्रहरी कर्मचारीलाई त्यस्तो विदाको सम्वन्धमा सहयोग पुऱ्याउन सक्ने अन्य आवश्यक कागजात ।

२३. **विदा दिने अधिकारी:** देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ

| विदाको किसिम | विदा स्वीकृत गर्ने अधिकारी |
|---|---|
| १. भैपरी आउने विदा | नगर प्रहरी प्रमुख |
| २. घर विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ३. विरामी विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ४. प्रसूति विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ५. किरिया विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ६. अध्ययन विदा | नगर कार्यपालिका |
| ७. असाधारण विदा | नगर कार्यपालिका |

यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख १५ दिन भित्र नगरपालिका प्रशासन शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ।

२४. **विदा परिणत नहुनेः** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ। पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन।

२५. **कार्यालयमा अनुपस्थित हुने उपर कारवाही:** विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ। यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन।

२६. **विदाको अभिलेखः** विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्न प्रशासन शाखामा १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ।

२७. **निकासा लिन नभ्याएमाः** कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनुपर्छ।

२८. **गयल खाली जनाउनेः** कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ नगरपालिका प्रशासन शाखामा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफू गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ।सो प्रतिवेदन उपर छानविन र जाँचपडतालगर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले आवस्यक कारण सहित पर्चा खडा गरि थमौती गरेको व्यहोरा लेखी पठाउन सक्नेछ।

२९. **झुठो कारण देखाएमा सजाय हुनेः** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठ्ठा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ।

३०. **तालिम अवधिमा विदा बस्ने वारे :** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन।

(२) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएता पनि करार तर्फ कार्यरत नगर प्रहरी कर्मचारीको विदा व्यवस्थाप करार सम्झौता एवं करार कानुनमा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद – ७

## आचरण

३१. **दान उपहार लिन नहुनेः** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले नगरपालिकको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुदैन।

३२. **चन्दा लिन नहुनेः** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायतता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

३३. **सम्पत्तिको विवरण दिनुपर्ने:**(१) हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो नियमावली लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ।

१) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातका विवरण।

२) आफूसँगवा आफ्नो नाउँमा रहेको नगद, जवाहररात, सुन, चाँदीको अन्दाजी मूल्य।

३) उपनियम १ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ।

३४. **व्यापार व्यवसाय गर्न नहुनेः** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती विना देहायका काम गर्नु हुँदैनः

१) कुनै व्यापार गर्न।

२) कुनै फर्मको हिस्सेदार सञ्चालक हुन।

३) कुनै व्यवसाय चलाउन।

३५. **नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले नगरपालिका द्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय निकाय वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिनु हुदैन।

३६. **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः**नगर प्रहरी कर्मचारीले नगरपालिकको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन ।तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ।

३७. **नगरपालिकाको आलोचनाः** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दै नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरपालिका बासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नुहुदैन।

३८. **निर्वाचनमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन। तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन।

३९. **राजनीतिमा भाग लिन नहुनेः**नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धीत संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाईअन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन।

४०. **समय पालन र नियमितताः** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन।

४१. **अनुशासन र आज्ञापालनः**(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको कामसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ।

४२. **नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुनेः** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरीसम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

४३. **बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः** नगर प्रहरी कर्मचारीले मुलुकी फौज्दारी (संहिता) ऐन, २०७४ बिबाहबारी सम्बन्धी व्यवस्था बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद – ८

## सजाय र पुनरावेदन

**४४. सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने(फटिक) सजाय गर्ने ।

३. तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

४. तल्लो तहमा घटुवा गर्ने।

५. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने।

६. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट हटाउने गर्ने ।

४५. **नसिहत दिने वा प्रतिकूल राय लेख्नेः** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ। दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

४६. **तलब वृद्धि वा पदोन्नति रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

४७. **दर्जा र तलब घटाउनेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र  नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहीन काम गरेमा ।

(ग) आचरणसम्वन्धी नियम उल्लंघन गरेमा ।

(घ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठा कारण देखाएमा।

(ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

(छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

४८. **नोकरीबाट हटाउने वा बर्खास्त गर्नेः** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वर्खास्त गर्न सक्नेछ।

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी वा दायित्व पुरा गर्न नसकेमा
(ख) राजनीतिमा भाग लिएमा
(ग) वरावर अनुशासनहीनताको काम गरेमा
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषि प्रमाणित भएमा।
(ङ) ड्युटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोषाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा
(च) भ्रष्टाचार गरेमा
(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरणको पालना नगरेमा
(ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा
(झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा।

४९. **सजायको आदेश दिने:** जाँचवुझकोकाम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निज सित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ।

५०. **सेवाको अन्त गर्नेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यस नियावमाली वमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन।

क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा परिक्षणकाल भित्र बारम्बार आचरण उल्लंघन गरेमा।
ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा।

५१. **नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने:** कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मिति देखि पुनर्वहाली भएको मिति सम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउने भए तलब बृद्धिसमेत पाउनेछ।

## परिच्छेद – ९
## सेवा सुविधा

५२. **तलब भत्ता:** नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मिति देखि तलब भत्ता पाउनेछ । तलव भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

५३. **टाईम स्केल अनुसार तलब पाउनेः** नगर प्रहरीको पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यतः टाईम स्केलमा लेखिएको न्युनतम तलब पाउनेछ।

## परिच्छेद-१०
## तालिम

५४. **तालिमको व्यवस्था :** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एंव दक्ष तुल्याउन नगरपालिकाले तोकिए बमोजिमको सेवा प्रवेश तालिम तथा आवश्यकतानुसार अन्य सेवाकालिन तालिमहरु दिन सकिनेछ।

५५. **तालिम संचालन हुने स्थान :** तालिम नगरपालिकाले तोकेको स्थानमा हुनेछ र सो को खर्च व्यवस्थापन नेपाल प्रहरीको तालिम खर्च मापदण्ड बमोजिम हुनेछ।

५६. **तालिमको अवधि :** नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिम अवधि नगरपालिकाले तोकेको पाठ्यक्रम अनुसार हुनेछ ।तर कार्यपालिकाले सो मा थपघट गर्न आदेश दिन सक्ने छ।

५७. **तालिमको अनिवार्यता :** (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीलाई आवश्यकता अनुसार तालिम लिन अनिवार्य हुनेछ। यस्तो तालिममा सम्मिलित गराईएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही गरी आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैर जिम्मेवारी देखाएमा सो व्यहोरा अभिलेखमा जनाइनेछ।

(२) व्यवसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सके पछि निजलाई पुनः एकपटक तालिमको मौका दिइनेछ। त्यसपछि पनि उदासिनता र गैर जिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ।

५८. **तालिमको पाठ्यक्रम :** विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समिति गठन हुनेछ ।

## परिच्छेद-११
## पोषाक

५९. **नगर प्रहरी पोषाक :** (१) नगर प्रहरीको पोषाकको रङ्ग गाढा हरियो हुनेछ।

(२) नगर प्रहरीले प्रयोग गर्ने पोषाक देहाय बमोजिम हुनेछ :-

(क) कार्यालय पोषाक (working dress)

(ख) फिल्ड पोषाक (चुस्ता ड्रेस)

(ग) सेरोमोनियल पोषाक

(३) प्रत्येक नगर प्रहरी कर्मचारीलाई अनुसूची १ र २ मा तोके बमोजिमको पोषाक र सामान पहिलो पटक नियुक्ति भए पश्च्यात तत्काल उपलब्ध गराइनेछ ।पहिलो पटक पोषाक उपलब्ध गराउँदा नेपाल सरकारको पोषाक सुविधा मापदण्डले नपुग भएमा थप रकम समेत सोहि शीर्षकबाट भुक्तानी हुनेछ ।

(४) नियम ६४ को उपनियम (२) (ग) को पोषाक अधिकृत नगर प्रहरी कर्मचारीलाई उपलब्ध गराईनेछ ।

## परिच्छेद-१२
## विविध

६०. **आदर्श वाक्यः** कोहलपुर नगर प्रहरीको आदर्श वाक्य “नगरवासीको सेवामा समर्पित,कोहलपुर नगर प्रहरी” हुनेछ ।

६१. **लोगोः** कोहलपुर नगर प्रहरीको लोगो अनुसूची - ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

६२. **कुम व्याजः** (१) कोहलपुर नगर प्रहरीको कुम व्याज अनुसूची - ४ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) भूतपूर्व सेवाबाट भर्ना भएका नगर प्रहरी कर्मचारीले आफु बहाल हुँदा प्राप्त गरेको पदक तथा रिबन प्रयोग गर्न पौने छन् ।

(३) करार तर्फ कार्यरत प्रहरी कर्मचारीको सेवा सुविधा सम्बन्धी विषय कार्यपालिकाको निर्णय, कार्यालयको निर्णय एवं करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(४) स्थायी वा करार तर्फ कार्यरत कुनै प्रहरी कर्मचारीले पोषाक लगायत सामग्री प्राप्त गरेको छ महिना भित्र सेवाबाट अलग भएमा सो वापतको खर्च नगरपालिकाले निजको पारिश्रमिकबाट कट्टा गर्नेछ वा सामग्री फिर्ता गर्नु पर्नेछ।

६३. **शपथ ग्रहणः** नगर प्रहरीमा नयाँ नियुक्त हुने सवै नगर प्रहरी कर्मचारीले राष्ट्रिय झण्डा छोई अनुसूची - ५ बमोजिमको ढाँचामा सपथग्रहण लिनुपर्नेछ।

६४. **नियमावलीको व्याख्या नगरेका विषयहरु नगरकार्यपालिकाले गर्नेः** (१)कुनै अधिकारीले यस नियमावलीको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगर कार्य पालिका समक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१)को सम्बन्धमा नगर कार्य पालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ।

## अनुसूची– १
## परिच्छेद ११ को नियम (६४) सँग सम्बन्धीत
## प्रारम्भिक पोषाक

प्रारम्भिक पोषाक (व्यक्तिगत):

| सि.न. | विवरण | संख्या | खपत अबधी (वर्ष) |
|---|---|---|---|
| १. | गरम मौसमको टेरिकटन कमिज | २ | १ |
| २. | गरम मौसमको टेरिकटन पैन्ट | २ | १ |
| ३. | सादा चुस्ता सेट | १ जोर | १ |
| ४. | व्यारेट क्याप | १ | २ |
| ५. | सिट्ठी | १ | १० |
| ६. | सिट्ठी कर्ड | १ | ३ |
| ७. | वेभ वेल्ट | १ | ४ |
| ८. | पि.टी.( टि सर्ट तथा हाप पैन्ट) | २ जोर | १ |
| ९. | स्पोर्टस जुत्ता/मोजा | १ जोर | २ |
| १०. | डि.एम.एस. वुट | १ जोर | ३ |
| ११. | प्रहरी कुम व्याज | १ | १० |
| १२. | टोपी व्याज | १थान | १० |
| १३. | कालो छालाको वेल्ट | १ | १० |
| १४. | पानी वर्षादी | १ | ५ |
| १५. | कटन मोजा | १ | १ |
| १६. | फरेश क्याप (अधिकृत) | १ | १० |
| १७. | टप बुट (अधिकृत) | १ | २ |
| १८. | नेम प्लेट (धातु) | १ | १० |
| १९. | नेम प्लेट (कपडा) | १ | २ |
| २०. | दर्ज्यानी चिन्ह (धातु) | १ जोर | १० |
| २१. | दर्ज्यानी चिन्ह (कपडा) | १ जोर | २ |
| २२. | कलर ड्रक्स (अधिकृत) | १ जोर | ३ |

## अनुसूची– २

## परिच्छेद ११ नियम (६४) संग सम्बन्धीत जाडो मौसमको पोषाक

| सि.न. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १. | उनी कमिज | २ | ३ वर्ष |
| २. | उनी पाईन्ट | १ | ३ वर्ष |
| ३. | पार्का ज्याकेट | १ | ४ वर्ष |
| ४. | उनी मोजा | १ जोर | १ वर्ष |
| ५. | उनी जर्सी | १ जोर | ३ वर्ष |
| ६. | उनी अण्डर वेयर | २ सेट | २ वर्ष |
| ७. | उनी गन्जी (हाईनेक) | २ सेट | २ वर्ष |

## अनुसूची-३
## परिच्छेद १२ नियम ६१ संग सम्बन्धीत

## लोगोको ढाँचा

लोगो: दुईवटा धानको बाला, खुकुरी डण्डा, राष्ट्रिय झण्डा, धानको बालाको मुनि ‘‘कोहलपुर नगर प्रहरी’’ ‘‘नगरवासीकोको सेवामा समर्पित’’ लेखिनेछ।

## अनुसूची - ४
## परिच्छेद १२ नियम ६२ संग सम्बन्धीत

## कुम ब्याजको लोगो र रङ्ग

कुम व्याजको रङ्ग : भित्र भुईमा हल्का निलो, त्यसको माथि नगरपालिकाको नक्शा गाढा हरियो रङ्ग, दुईवटा धानको बाला पहेँलो रङ्ग, खुकुरी डण्डा सेतो रङ्ग, राष्ट्रिय झण्डा तोकिएकै रातो रङ्ग, त्यसको पहिलो बाहिरी घेरा पहेलो रङ्ग र अन्तिम बाहिरी किनारा रातो रङ्ग राखिनेछ । माथि नेपालीमा “कोहलपुर नगर प्रहरी”, बिचमा धानको बालाको मुनि “नगरवासीकोको सेवामा समर्पित” र तल अंग्रजीमा ठुलो अक्षरमा “KOHALPUR CITY POLICE” लेखिनेछ ।

## अनुसूची – ५
## परिच्छेद १२ नियम ६३ संग सम्बन्धीत
## सपथ ग्रहणको ढाँचा

कोहलपुर नगरपालिकाको समृद्धि तथा सुव्यवस्थाको लागि नगरवासीको सेवामा समर्पित भई नेपालको संबिधान प्रति पूर्ण निष्ठावान रही आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकले भ्याएसम्म आफ्नो कर्तव्यलाई भय, पक्षपात, लोभ, माया, द्वैषभाव नराखी पालना गर्नेछु भनि म ........................ ले सत्य निष्ठा प्रतिवद्दता सहित प्रतिज्ञा गर्दछु , देश र जनतको, कोहलपुर नगरपालिका र नगरवासीको नाममा सपथ लिन्छु ।

सपथग्रहण गर्नेको:
सहि:
नाम:
मिति:
स्थान:

सपथग्रहण गराउनेको:
सहि:
नाम:
मिति:
स्थान:

**प्रमाणीकरण मिति:**
**मिति: २०७९/०५/१२**

**आज्ञाले**
**टिकाराम ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**